वनगाड कुपिण्डे नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: १ संख्याः १ मितिः २१/१०/२०७५

भाग-१

वनगाड कुपिण्डे नगरपालिका

## वनगाड कुपिण्डे नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५

**प्रस्तावना**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७५ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा १०२ को उपदफा(१) बमोजिम वनगाड कुपिण्डे नगरपालिकाको सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्तनाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम वनगाड कुपिण्डे नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ।

(२) यो ऐन वनगाड कुपिण्डे नगरपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ।

**२. परिभाषा :**

(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन"भन्नाले वनगाड कुपिण्डे नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले वनगाड कुपिण्डे नगरकार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले वनगाड कुपिण्डे नगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकार :**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७५ बमोजिम वनगाड कुपिण्डे नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त वनगाड कुपिण्डे नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२)- उपदफा(१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**र्देशिका, कार्यविधि र मापदण्डवनाउन सक्ने:**

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही वनगाड कुपिण्डे नगरकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,

मोहन खड्का

प्रमुख प्रशासकीय अधिकृत